प्रेस विज्ञप्ति

## निजी आवास पुर्ननिर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ आषाढ २१ गते सम्मका लागि)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका ११ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ आषाढ २१ गते सम्म २१३३०४ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने करिब ९२९८० वटा गुनासाहरु दर्ता गरिएको रेर्कड प्राप्त भएको छ । प्रथम चरणमा बैक तथा बित्तीय संस्थाहरुको कार्यालयहरुको भएका ठाउँहरु जम्मा १८७ गाविसहरु करीव १७१००० लाभग्राहीहरुलाई समेट्नेगरी तत्काल बैकिङ्ग सुविधाहरु उपलब्ध गर्ने गराउने वा सो सम्बन्धमा आवश्यक व्यवस्था गर्ने वारे पुर्ननिर्माण प्राधिकरण र "क", "ख"र"ग"वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु २०७३ साल जेठ १७ गते निजी आवास पुर्ननिर्माण अनुदान रकम भुक्तानी सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता भएको व्यवस्था अनुसार सम्बन्धित बैंकर्स एशोसियसनहरुवाट क्लस्टरिंग गरी नेपाल बैंकर्स एशोसियसनले राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा पेश गरेको सेवा प्रदायक बैंक तथा वित्तीय संस्थाहरु र तिनले अनुदान वितरण गर्ने लाभग्राहीहरुको प्रस्तावित विवरण केन्द्रीय आयोजना कार्यान्वयन इकाईमार्फत जिल्लाहरुमा पठाईसकिएको छ । यसवाट आगामि दिनमा उक्त अनुदान पाउन तीव्र प्रगती हुने विश्वास मन्त्रालयले लिएको छ ।

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | रामेछाप | ४३६०९ | ४०४५१ | ११०४ | १२७७५ |
| २ | गोरखा | ५८५०३ | ४४४४३ | १०१५६ | १५००५ |
| ३ | दोलखा | ५१७६२ | २११४१ | ८८१४ | १६४७८ |
| ४ | ओखलढुङ्गा | १९८१९ | १७१३६ | ५७७ | ५४९३ |
| ५ | सिन्धुपाल्चोक | ७८५३७ | ३७३८८ | ११९५ | ८३८१ |
| ६ | धादिङ्ग | ७०५८१ | १७२०५ | १०९७ | ४६५२ |
| ७ | काभ्रेपलाञ्चोक | ६७७३१ | १२२९७ | | ४२६१ |
| ८ | सिन्धुली | ३४२६९ | १७०० | | १३००० |
| ९ | रसुवा | १२२३६ | २०७७ | ७०५ | ४४६ |
| १० | नुवाकोट | ६५७७३ | १८२४० | | ८९८६ |
| ११ | मकवानपुर | ३०२३८ | १२२६ | | ३५०३ |
| | जम्मा | ५३३०५८ | २१३३०४ | २३६४८ | ९२९८० |

(सीता परियार)

सहायक प्रवक्ता एवं सुचना अधिकारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ आषाढ २१